# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल


पत्र संख्या: २०८१-०८२
चलानी न.:

मिति:२०८२/०१/१४

सुचना नं: ६५

**वक्तृत्वकला प्रतियोगिता तथा श्रमिक सम्मान कार्यक्रम सम्बन्धी सूचना**

प्रस्तुत विषयमा मिति २०८२/०१/१८ गते श्रमिक / मजदुर दिवसको अवसर पारेर यस विहादी गाउँपालिकाको आयोजनामा "श्रमको सम्मान–राष्ट्रको अभियान" र "आन्तरिक रोजगारी प्रवर्द्धन अभियान" कार्यक्रम अन्तर्गत यस पालिकाभित्रका **विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता** तथा **स्थानीय रोजगार तथा स्वरोजगार श्रमिकहरुको सम्मान कार्यक्रम** संचालन हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। यस महत्वपूर्ण कार्यक्रममा यस गाउँपालिका अन्तर्गतका सम्पुर्ण जनप्रतिनिधि, भद्र भलादमीहरु, सहभागी विद्यार्थी(एक विद्यालयबाट एक जना मात्र),विद्यार्थीहरु,श्रमिक समुहका प्रतिनिधिहरु, उद्यमीहरु, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रतिनिधि, शिक्षक प्रतिनिधि लगायत सर्वसाधारण सबैमा सक्रिय सहभागिताको लागि हार्दिक आह्वान गरिन्छ।

**कार्यक्रम विवरण:**

**१. वक्तृत्वकला प्रतियोगिता**

- **विषय: "आन्तरिक रोजगारी प्रवर्द्धनमा स्थानीय तहको भूमिका"**
- **लक्षित समूह:** कक्षा १२ सम्मका विद्यार्थीहरू
- **समयावधि:** अधिकतम ५ मिनेट प्रति वक्ता
- **सहभागी:** एक विद्यालयबाट एक जना मात्र,

**२. श्रमिक सम्मान कार्यक्रम**

- कृषि, निर्माण, सेवा, महिला श्रमिक, हस्तकला तथा अन्य विशिष्ट क्षेत्रका श्रमिकहरूलाई सम्मान गरिनेछ।

**कार्यक्रम हुने स्थान र मिति**

**मिति:** २०८२ साल बैशाख १८ गते, बिहिवार
**समय:** बिहान ११:०० बजे
**स्थान:** विहादी गाउँपालिकाको सभा हल।

*(थप जानकारीको लागि 98448171,9862129800, 9867946031मा सम्पर्क गर्न सकिनेछ।)*

**" श्रमको सम्मान गरौं, आत्मनिर्भर गाउँपालिका निर्माणमा हातेमालो गरौं!"**

परविन गुरुङ
अध्यक्ष

Website:-www.bihadimun.gov.np, Email:- info@bihadimun.gov.np, bihadi.ruralmun@gmail.com